**जातीय विभेदको अन्त्य गरौं**

- जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं।
- मानिसको श्रेष्ठता उसको आचरणले निर्धारण गर्दछ।
- कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं।
- जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं।
- छुवाछूत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com



❖ वर्ष ३६ ❖ २०७९ फागुन ०७ गते आइतवार // मृत भस्म नबन्दैमा फिल्को भैकन बल्नुछ // 2023 February 19 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १७३


## पर्सा र बारामा महाशिवरात्रि भव्यताका साथ मनाइयो

प्रस, वीरगंज, ६ फागुन/

महाशिवरात्रि वीरगंज महानगरका शिवालयहरूमा पनि धूमधामले मनाइएको छ। शिवरात्रिको दिन वीरगंजको अलखियामठमा सबैभन्दा भीड लागेको थियो। शिवरात्रिको दिन यहाँ एकाबिहानैदेखि पूजाका लागि भक्तजनहरूको भीड लाग्ने गर्छ। ठूलो सङ्ख्यामा भक्तजनहरू पूजाका लागि यहाँ आउने हुँदा अबेर दिउँसोसम्म भीड लागेको थियो। साँझ शिवधुनी बालेर महिलाहरू भजनकीर्तन गरेर शिवमहिमामा लीन भएका थिए।

अलखियामठलगायत यहाँका शिवालयहरूमा पनि भीडभाडका साथ शिवरात्रि मनाइएको छ। गत वर्षदेखि वीरगंज–३ मालपोत कार्यालयसँगै रहेको अजगैबिनाथ मन्दिरमा शिवरात्रि पूजा भव्यताका साथ मनाइन थालिएको छ। शिवरात्रिको दिन बिहान कलश यात्रा निकालिएको थियो। घडीअर्वा पोखरीमा कलशमा जल भरेर अजगैबिनाथ मन्दिरमा चढाइएको थियो। बाजागाजासाथ कलश यात्रा निकालिएको र दिनभरि मन्दिर परिसरमा भजनकीर्तन गरिएको थियो।

यसैगरी, साँझ शिवधुनी बालिएको र सांस्कृतिक कार्यक्रमसहित प्रसाद वितरण र भण्डारा चलाइएको मन्दिर समितिका सचिव प्रशान्त अर्यालले बताए।











यसैगरी, वीरगंज चिनी कारखानामा रहेको पशुपतिनाथ मन्दिरमा पनि शिवरात्रि भव्यताका साथ मनाइएको छ। शिवरात्रिको अवसरमा बिहानैदेखि सो मन्दिरमा पूजाआजाका लागि भक्तजनहरूको घुइँचो लागेको थियो। काठमाडौंपछि मोफसलमा पशुपतिनाथ मन्दिरको रूपमा चिनारी बनाउँदै गएको यहाँ महानगरपालिकाले सरसफाइ, विद्युतीकरण गरेर फागुन १ गते सोमवारका दिन महाआरती गरेको थियो। स्थानीयले भने आज शिवरात्रि भव्यताका साथ मनाए।

**यसैगरी,** ८७औं त्रिमूर्ति शिवजयन्ती महोत्सव अन्तर्गत शनिवार छपकैयाको विश्वदर्शन भवनमा आध्यात्मिक प्रवचन, शिव झन्डोत्तोलन एवं शान्ति पदयात्रा कार्यक्रम गरी मनाइएको छ।

नगरप्रमुख राजेशमान सिंहले कार्यक्रमको उद्घाटन गरेका थिए। उनले आध्यात्मिक ज्ञान र योगबाट ईश्वरीय सानिध्यता प्राप्त भई काममा सफलता र जीवनमा आनन्द मिल्ने बताए।

उनले महानगरलाई केन्द्रको मुख्यालय माउन्ट आबुजस्तै स्वच्छ, सुव्यवस्थित र आध्यात्मिक पर्यटकीय नगर बनाउन पहल गर्ने बताए।




केन्द्रकी मुख्य सञ्चालिका ब्रह्माकुमारी रविणा दिदीको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख इम्तियाज आलम, वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत नितेश कुमार, वडाध्यक्ष रेयाज मियाँ तेली, डा विश्वम्भर शर्मा, समाजसेवी पशुपति विक्रम शाह, उषा शाह, रेडक्रस पर्साकी उपसभापति मधु राणा, मधेस विश्वविद्यालयका रजिस्ट्रार विजय यादव, सामुदायिक सेवा केन्द्र, छपकैयाका ग्यासुद्दीन ठकुराई, बह्माकुमारी बेली दिदी, ब्रह्माकुमार गुणराज, ज्ञानुलगायतको सहभागिता थियो।

कार्यक्रममा भगवान् शिवको चिह्न अङ्कित शिव ध्वजारोहण गरिनुका साथै शिवपार्वतीको चैतन्य झाँकीसहितको शान्ति पदयात्रा निकालिएको थियो।

**प्रस, सिम्रौनगढ/**

महाशिवरात्रिको अवसरमा बाराको सिम्रौनगढ नगरपालिकाका विभिन्न टोलका शिवालयहरूमा शनिवार बिहानैदेखि जलाभिषेक भएको छ।

सिम्रौनगढस्थित त्रिलोकीनाथ महादेव मन्दिरमा मेला लागेको छ। विभिन्न स्थानबाट आएका साना, ठूला कावरियाँ बमहरूले आज वाग्मती, त्रिवेणी नदीबाट जलबोझी यहाँ जलाभिषेक गरे। कावरियाँहरूको लागि नगरपालिका, वडापालिकाहरूले पानी, बत्ती, दाउरालगायत आवश्यक वस्तुहरूको सुविधा उपलब्ध गराएका थिए।

सिम्रौनगढ नगरपालिका–६ र ७ को आयोजनामा लागेको यो मेला तथा यहाँ लाग्ने प्रसिद्ध चैत नवमी र दुर्गा मेला व्यवस्थित तवरले लगाउने गरेको वडाध्यक्षद्वय विवेक मेहता र नन्दकिशोरप्रसाद जयसवालले बताए। शिवारात्रिको अवसरमा सिम्रौनगढ नगरपालिकाको झवानी, खजानी, नैका टोला, हरिहरपुर, भगवानपुर, कचोर्वालगायतका शिवालयहरूमा भक्तजनहरूले जलाभिषेक गरेका थिए।

**प्रस, पर्सागढी/**

फागुन कृष्ण चतुर्दशीका दिन मनाइने महाशिवरात्रि पर्व पर्सागढीमा रहेका शिवालयहरूमा भव्यताका साथ मनाइएको छ। शनिवार बिहानैदेखि यहाँका शिवालयहरूमा पूजाका लागि महिला, पुरुषहरूको भीड लागेको थियो। पर्सागढी नगरपालिकाको बडनिहार, बर्वाछटौली, सबैया, एकटाङ्गालगायतका शिवालयहरूमा भगवान् शिवलाई गाँजा, धतुर, बेलपत्र चढाएर पूजाआजा गरिएको थियो। आजका दिन महिलाहरू उपवास बस्छन्। दिनभरि उपवास बसेका महिलाहरू राति धुनी बालेपछि प्रसाद र फलहार गर्छन्। शिवधुनी बालेर चोकहरूमा भजनकीर्तन पनि गरिएको थियो।

**प्रस, भिस्वा/**

महाशिवरात्रि पर्व छिपहरमाई गापाका शिवालयहरूमा पनि धूमधामका साथ मनाइयो। यहाँका शिवालयहरूमा बिहानैदेखि भक्तजनहरू पूजापाठका लागि भीड लागेको थियो। शिवरात्रिको अवसरमा भिस्वामा शोभायात्रा पनि निकालिएको थियो। भिस्वाबाट निकालिएको शोभायात्रा बन्जारीमा पुगेर समापन भएको थियो।

## वीरगंज महानगर र जीराभवानी गापामा रक्तदान

प्रस, वीरगंज, ६ फागुन/

जनजाति तथा दलित सेवा समिति वीरगंज–१६ र नेपाल रजक सेवा समाज (बारा, पर्सा) को आयोजनामा वीरगंजमा र थारू पत्रकार सङ्घ पर्साको आयोजनामा जीराभवानी गाउँपालिका–२ सेढवामा शनिवार रक्तदान कार्यक्रम सम्पन्न भएको छ।




जनजाति तथा दलित सेवा समितिले वीरगंजमा आयोजना गरेको रक्तदान कार्यक्रमको उपप्रमुख इम्तियाज आलमले उद्घाटन गरेका थिए। उनले रक्तदान जस्तो महान् काम अरू केही नभएको भन्दै रक्तदान गर्न सक्ने सबैलाई रक्तदान गर्न आग्रह गरे। रगत दिएर पुण्यको कार्यमा सबैको सहभागिता भएको खण्डमा रगत नपाएर ज्यान गुमाउनुपर्ने अवस्था नआउने बताए। उनले शरीरको रगत तीन महीनामा दैनिकरूपमा खाने भोजनबाट प्राप्त हुने बताउँदै १८ वर्ष नाघेका र ६० वर्षमुनिका सबै स्वस्थ महिला, पुरुषलाई रक्तदान गर्न अपील गरे। कार्यक्रममा दुईजना महिलासहित ३६ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।

कार्यक्रममा जनजाति तथा दलित सेवा समिति, वीरगंज–१६ का अध्यक्ष लवकुश बैठा, नेपाल रजक सेवा समाजका अध्यक्ष जठाशङ्कर बैठा, वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक विदुर शिवाकोटीलगायतको सहभागिता थियो।

यसैगरी, थारू पत्रकार सङ्घले जीराभवानी गापा–२ सेढवामा आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित २० जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक प्रमुख पाण्डेले बताए।

सङ्घका अध्यक्ष शम्भु महतोको अध्यक्षता तथा गापाध्यक्ष अनोज चौधरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा पूनम महतो, राजकुमार दास, शिवशङ्कर दास, सुरेश दास थारू, चन्दन महतो, मनीष महतो, चन्द्रकिशोर रामलगायत रक्तदान गरेका थिए।

## मोटरसाइकल दुर्घटनामा एकजना नाबालकको मृत्यु

प्रस, वीरगंज, ६ फागुन/

मोटरसाइकल दुर्घटनामा एकजना नाबालकको मृत्यु भएको छ।

सखुवाप्रसौनी गाउँपालिका–६ बस्ने १४ वर्षीय दीपेशकुमार यादवको मोटरसाइकल दुर्घटनाबाट मृत्यु भएको प्रहरीले जनाएको छ।

शुक्रवार राति १२ बजे धोबिनी गापा–४ पुलचोकस्थित सडकखण्डमा मोटरसाइकल दुर्घटना भएर घटनास्थलमैं मृत्यु भएको प्रहरीले जनाएको छ।

दीपेश यादव हिजो घरबाट धोबिनी गापाका पप्पु यादवको घरपूजामा गएका थिए।

त्यहाँबाट उनी विवाहको नाच हेर्न १० वर्षीय दीपु यादवलाई मोटरसाइकलमा बसाली लङ्गडीबाट हरपुर जाने क्रममा कल्भर्टमा मोटरसाइकल अनियन्त्रित भई दुर्घटना भएको र उनको मृत्यु भएको प्रहरीले जनाएको छ।

पछाडि बसेका दीपु यादव भने सामान्य घाइते छन्।

## महानगरको आयोजनामा सर्वदलीय बैठक

प्रस, वीरगंज, ६ फागुन/

स्थानीय राजनीतिक दलहरूले विकासको सवालमा वीरगंज महानगरपालिकासँग हातेमालो गरी अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन्।




महानगरपालिकाले शुक्रवार आयोजना गरेको सर्वदलीय बैठकमा नेपाली काङ्ग्रेस वीरगंज महानगर समितिका सभापति मणिन्द्रलाल नेपाली र उपसभापति सन्तोषकुमार गुप्ता, नेकपा एमाले महानगर कमिटीका सचिव सुन्दर कुर्मी र प्रदीप चौरसिया, नेकपा माओवादी केन्द्रका महानगर कमिटी सचिव सुरेन्द्र गुप्ता, जसपाका महानगर कमिटी अध्यक्ष ईश्वरचन्द्र यादव, नेकपा एसका महानगर कमिटी अध्यक्ष मनोजकुमार चौधरी र सचिव बृजकुमार पासवान र जनमत पार्टीका उमाशङ्कर गुप्ताले महानगरपालिकाले सञ्चालन गरिरहेका विकास निर्माण कार्य तथा अनगामी योजनाप्रति सन्तोष व्यक्त गर्दै आगामी दिनमा विकास निर्माण र विभिन्न अभियानमा साथ र सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेका थिए।

बैठकमा नगरप्रमुख राजेशमान सिंहले

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**इच्छाशक्ति र परिश्रममा नै मनुष्यको सफलता निर्भर छ, जसले कठिनाइको दृढतापूर्वक सामना गर्छ, उसले असम्भव कुरालाई पनि सम्भव बनाउन सक्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# रुद्राक्ष- औषधीय गुणले भरपूर दिव्य वृक्ष

हिन्दू संस्कृतिको सांस्कृतिक प्रतीकमध्ये रुद्राक्षले एउटा विशिष्ट स्थान राख्छ, जुन यसको धार्मिक एवं आध्यात्मिक आस्थाको अभिन्न अङ्ग रहेको छ। यसको मुख्य कारण हो- रुद्र एवं अक्ष अर्थात् भगवान् शिवको आँसुको रूपमा यसको पहिचान ।

भनिन्छ, जब भगवान् शिवको आशीर्वादप्राप्त त्रिपुरासुर सृष्टिको लागि खतरा बन्यो, तब उसको संहार गर्नको लागि शिवले रुद्र रूप धारण गरे र त्यति बेला उनको आँखाबाट आँसु चुहिएर धर्तीमा खस्यो तथा उसले रुद्राक्षको रूप धारण गऱ्यो । अतः यसलाई भगवान् शङ्करको प्रतीकको रूपमा मानिन्छ । मालादेखि कलावा, कवच, मुकुट र अन्य रूपमा यसको धारण गरिन्छ ।

हिन्दू धर्ममा विशेषरूपले शिव र शक्ति उपासनामा यसको विशेष महत्त्व रहेको छ र यसको मालाबाट जप गरिन्छ। यसको बिरुवा प्रमुखतया हिमाली क्षेत्रमा छ हजारदेखि नौ हजार फिटको उचाइमा पाइन्छ। नेपालसहित भारतका उच्च क्षेत्रमा रुद्राक्ष पाइन्छ ।

नेपालबाहिर इन्डोनेशिया, भारत र मलेशिया रुद्राक्षका प्रमुख स्रोत देश हुन्। नेपालमा पाइने रुद्राक्ष आकारमा ठूलो हुन्छ, जबकि इन्डोनेशिया र मलेशियाको रुद्राक्ष सानो हुन्छ। रुद्राक्ष मूलतः शीतल जलवायुमा हुर्कने बिरुवा हो, जुन चीसो जलवायुमा बढ्छ। बढी तापमान भएको स्थानमा यसलाई छायादार स्थानमा रोपिन्छ। यो एउटा सदाबहार रूख हो, जुन तीव्रताले विकसित हुन्छ । यसको बोटमा तीन/चार वर्षपछि फल पलाउन थाल्छ। यसको साथै यसको बोट हराभरा र निकै सुन्दर हुन्छ। वसन्त ऋतुमा यो सेतो पुष्पले लादिएको, परिवेशको सौन्दर्य राशिमा वृद्धि गर्छ ।

रुद्राक्षको रूखको वैज्ञानिक नाम इलियोकार्पस गेनिट्रस हो । यो औसतन ६० देखि ८० फिट अग्लो हुन्छ र १५० देखि २०० फिट उचाइसम्म पनि बढ्छ। रुद्राक्षको तीन सयभन्दा बढी प्रजाति पाइन्छ, जसमा लगभग ३५ प्रजाति भारतमा पाइन्छ । पूर्णरूपले विकसित रुद्राक्षको रूखले वर्षभरिमा लगभग एक हजारदेखि दुई हजार फल दिन्छ ।

मान्यता छ कि प्राचीनकालमा १०८ मुखी रुद्राक्ष हुन्थ्यो तर आजकल एकदेखि २१ रेखा अर्थात् मुख भएको पाइन्छ । नेपालमा २७ मुखी रुद्राक्षसम्म भेटिएको छ। रुद्राक्षको मापन मिलिमिटरमा हुन्छ। इन्डोनेशियामा पाइने रुद्राक्ष जहाँ पाँचदेखि २५ मिलिमिटरको हुन्छ भने नेपालमा पाइने रुद्राक्ष २० देखि ३५ मिलिमिटरको हुन्छ ।

१४ मुखी रुद्राक्षलाई सबैभन्दा शक्तिशाली रुद्राक्ष मानिन्छ, जबकि एकमुखीलाई दुर्लभ, पावन तथा श्रेष्ठ मानिन्छ । यसलाई साक्षात् शिवस्वरूप मानिन्छ। महाभागवत पुराणमा भनिएको छ कि जुन घरमा एकमुखी रुद्राक्ष रहन्छ, त्यस घरमा सदैव माता लक्ष्मीको वास हुन्छ । चार, पाँच र छ मुखी रुद्राक्ष सबैभन्दा सामान्य हो। पञ्चमुखी रुद्राक्ष सबैभन्दा बढी पाइन्छ र मूल्य पनि कम हुन्छ भने एकमुखी, चौधमुखी र २१ मुखी रुद्राक्ष दुर्लभ रहन्छ र निकै महँगो हुन्छ।

**हिमाली क्षेत्रमा हुने रुद्राक्षलाई विशेष गुणकारी मानिन्छ, किनभने हिमालयको शिखरमा भगवान् शिवको वास मानिन्छ। अतः हिमाली क्षेत्रमा फल्ने रुद्राक्षमा विशेष शक्ति र चिकित्सकीय क्षमता हुन्छ। यस प्रकार रुद्राक्ष आफ्नो दिव्यताको साथ औषधीय गुणबाट पनि भरपूर हुन्छ।**

यसको फल पाकेपछि नीलो रङ्गको हुन्छ, यसैले यसलाई ब्लुबेरिबिड्स पनि भनिन्छ। यसको सामान्य रङ्ग खैरो हुन्छ तर यो सेतो, कालो, पहेंलो र रातो रङ्गमा पनि पाइन्छ । यसको फल प्रारम्भमा हरियो बयरजस्तो देखिन्छ, जुन समयको साथ नीलो रङ्ग हुन्छ। पाकेको फल स्वतः धर्तीमा खस्छ । फलको बोक्राबाट अलग गरेर बीउ निकालिन्छ, जसको आकार क्षेत्र र उचाइद्वारा निर्धारित हुन्छ ।

हिमाली क्षेत्रमा हुने रुद्राक्षलाई विशेष गुणकारी मानिन्छ, किनभने हिमालयको शिखरमा भगवान् शिवको वास मानिन्छ। अतः हिमाली क्षेत्रमा फल्ने रुद्राक्षमा विशेष शक्ति र चिकित्सकीय क्षमता हुन्छ । यस प्रकार रुद्राक्ष आफ्नो दिव्यताको साथ औषधीय गुणबाट पनि भरपूर हुन्छ। यसको माला धारण गर्नाले भूतबाधा र नकारात्मक विचार टाढा रहन्छ। यसको माला घाँटीमा धारण गर्नाले रक्तको दबाब अर्थात् उच्च रक्तचाप नियन्त्रित रहन्छ ।

रुद्राक्षबाट निस्किने तेलबाट दाद, एग्जिमा र चायापोतोबाट राहत हुन्छ, ब्रोङ्कियल अस्थमामा पनि राहत पाइन्छ। मुटुरोग र बेचैनीमा रुद्राक्ष एउटा प्रशान्तक औषधिसरह काम गर्छ। यसको पातमा एन्टीब्याक्टेरियल गुण पाइन्छ । यसैले यसको पातको लेप घाउको उपचारमा गरिन्छ ।

आयुर्वेदमा यसको औषधीय गुणको चर्चा भएको पाइन्छ । यसको पातबाट टाउको दुखाइ, माइग्रेन, एपिलेप्सी तथा मानसिक रोगको उपचार गरिन्छ । फलको बोक्राको उपयोग रुघाखोकी, फ्लु र ज्वरोमा गरिन्छ । साथै यसको पात र बोक्राको उपयोग रक्तको शोधनमा पनि गरिन्छ ।

आयुर्वेद ग्रन्थ अनुसार रुद्राक्षले शरीरलाई सशक्त बनाउँछ, रोगप्रतिरोधक क्षमता बढाउँछ, नैसर्गिक उपचारात्मक शक्तिलाई जाग्रत गर्छ र समग्र स्वास्थ्यमा योगदान दिन्छ।

यसको नकली रूप पनि बजारमा उपलब्ध छ, अतः विशेषज्ञ र जानकारहरूसँगको परामर्शपछि नै यसको आध्यात्मिक र औषधीय गुणको परीक्षा हुन्छ ।

# सीमापार प्रेम : भुटानका जनता भारतमा बिहे गरेर समस्यामा

भुटानी केटाहरू भारतमा बिहे गरेर पनि पत्नीलाई घर लैजान सक्दैनन् । बिहेपछि पनि भारतीय युवती ससुरा घर जाँदा भुटान सरकारले एसडिएफको रूपमा दैनिक भारतीय १२ सय रुपैयाँ लिइरहेको छ ।

भुटानको फुन्टशोलिङ र भारतको जयगाउँबीचको सिमानाको पर्खालमा परेवाको जोडी बसेको छ।

दुवै परेवा कहिले भुटान त कहिले भारत पखेटा फड्काउँदै आउँछन्।

४० वर्षकी वाङ्मो यी परेवाहरूलाई लोभी आँखाले हेरिरहेकी छन्।

छोकी पनि परेवा भइदिएको भए सिमानाको पर्खालले दिनदिनै जिस्काउने थिएन होला भनेर सोचिरहेकी छन्। छोकी भुटान-भारतको सिमानामा दिनहुँ आएर बस्छिन्। आज उनी भारतको जयगाउँमा बसिरहेकी छन् भने उनका पति पुष्पेन्द्र सिंह भुटानको फुन्टशोलिङमा काम गरिरहेका छन्।

पुष्पेन्द्र सिंह फुन्टशोलिङमा मेकानिकको काम गर्छन् । पुष्पेन्द्र सिंह साँझ कामबाट फर्किएपछि पत्नीको साथ पाउँछन् ।

पुष्पेन्द्र सिंह भारतीय नागरिक हुन्। उनले भुटानमा काम गर्नको लागि श्रम स्वीकृति लिएका छन् र हरेक तीन महीनामा उनले श्रम स्वीकृति नवीकरण गर्नुपर्छ ।

छोकी अक्सर सिमानामा पतिको पर्खाइमा बस्छिन् । दुवैजना पश्चिम बङ्गालको जयगाउँमा भाडाको घरमा बस्छन् ।

छोकी भुटानको पारोकी हुन्। उनले हिमाचल प्रदेशका पुष्पेन्द्र सिंहसँग सन् २०१९ मा विवाह गरेकी थिइन्। छोकीले आफ्नो जेठो दाजुले यो बिहेको विरोध गरेको बताउँछिन्।

भारतमा बिहे गरेपछि छोकीले पति र छोराछोरीको नागरिकता दिलाउन सक्दिनन् र अनावश्यक झमेलामा पर्ने उनको दाजुको विश्वास थियो ।

तर प्रेम र समस्याको सम्बन्ध धेरै पुरानो छ ।

छोकीका मामा हिमाचल प्रदेशको मनालीस्थित एक बौद्ध मन्दिरका लामा हुन्। उनी मामालाई भेट्न मनाली गएकी थिइन्। यसैबीच २०१९ मा रिकोङ्गपिओमा पुष्पेन्द्र सिंहसँग भेट भयो ।

छोकी वाङ्मोले पुष्पेन्द्र सिंहको विवाहको प्रस्तावलाई तुरुन्तै स्वीकार गरिन्। छोकी बौद्ध र पुष्पेन्द्र सिंह हिन्दू हुन् ।

उनीहरूको प्रेमविवाहमा धर्म बाधा बनेन तर सिमानाको पर्खालले उनीहरूलाई दिनहुँ सताउने गरेको छ ।

छोकीलाई भुटान र भारतबीच छनोट गर्न सजिलो छैन। छोकी भन्छिन्- भुटान र भारतमा छनोट गर्न गाऱ्हो छ, तर मैले भुटान, भारत र प्रेममध्ये प्रेमलाई रोजेकी छु ।

छोकी चाहन्छिन् कि उनको पति भुटानमा रहेको घरमा बसून् । तर यदि पुष्पेन्द्र आफ्नी पत्नीसँग पारो जान्छन् भने उनले एसडिएफ (सस्टेनेबल डेभेलपमेन्ट फी) अर्थात् दिगो विकास शुल्कबापत प्रतिदिन १२ सय रुपैयाँ तिर्नुपर्नेछ।

भुटान सरकारले भारतीय नागरिक भुटान आउँदा हरेक दिन एसडिएफको रूपमा एक हजार २०० रुपैयाँ लिन्छ। पुष्पेन्द्रको हकमा पनि यही नियम लागू हुनेछ ।

यसअघि भुटानले भारतीय नागरिकहरूबाट एसडिएफ लिएको थिएन। तर कोभिडपछि गत वर्ष सेप्टेम्बरमा पर्यटकका लागि खुला गरेपछि भुटानले भारतीयहरूमाथि पनि एसडिएफ थोपेको हो ।

यदि छोकीले भुटानमा विवाहको प्रमाणपत्र पाएकी भए उनको पतिले एसडिएफ तिर्नुपर्दैनथ्यो ।

छोकी भन्छिन् कि उनलाई विवाहको प्रमाणपत्र पाइँदैन किनकि धेरै भुटानी भारतीयसँग विवाह गरेपछि १५/१५ वर्षसम्म विवाहको प्रमाणपत्रको पर्खाइमा छन्।

**भुटानी केटी र केटाहरूको समस्या**

यो पीडा छोकी वाङ्मोको मात्र होइन। जयगाउँको खोक्ला क्षेत्रमा धेरै छोकी वाङ्मो र पुष्पेन्द्र यो पीडा बोकेर बस्दै आएका छन्।

**भुटान आफ्नो पहिचानलाई लिएर निकै सजग रहन्छ। नेपाल र सिक्किमलाई उदाहरणका रूपमा लिन सकिन्छ। दुवै ठाउँमा बाहिरका यति धेरै मानिस आए कि उनीहरूको स्थानीय पहिचान धमिलो भएको छ । भुटानले सिक्किम र नेपालको विशेष पहिचान प्रभावित भएको देखेको छ ।**

कर्मा किनले पूर्वी भुटानको हुन्सीका बासिन्दा हुन्। २०१९ मा उनले भुटानसँग टाँसिएको भारतको बक्सा हिलका छिरिङ छोकी डुक्पासँग प्रेम विवाह गरेका थिए।



२०२० मा कोभिड महामारी आयो, कर्मा भारतको बाक्समा थिए र भुटानले सीमा बन्द गर्ने घोषणा गरेको थियो ।

कर्मा लकडाउन अवधिभर भारतमा आफ्नी पत्नीसँग बसे । यसैबीच उनकी पत्नी डुक्पाले बच्चालाई जन्म दिइन् । बच्चा पनि डेढ वर्षको भइसकेको छ । कर्मा किनलेको परिवारलाई भेटेपछि उनलाई आफ्नो प्रेम दुई देशबीचमा बाँडिएको महसूस भएको छ । छोकी डुक्पा कर्माकी पत्नी हुन् तर उनलाई भुटानी नागरिकता पाउन गाऱ्हो छ । उनको सन्तानलाई पनि भुटानी नागरिकता पाउन मुश्किल छ।

कर्मा बाध्यतामा पत्नी र बच्चासँग जयगाउँमा बस्दै आएका छन् । कर्माले जयगाउँमा नै हस्तकलाको काम गर्छिन्।

कर्मालाई सोधियो कि उनीहरूको प्रेम दुई देशबीचमा बाँडिएको छ ?

कर्मा भन्छन्, "मेरो नाम कर्मा हो र म कर्मामा मात्र विश्वास गर्छु। प्रेमको कुनै नागरिकता हुँदैन । हिन्दी फिल्ममा प्रेम अन्धो हुन्छ भन्ने संवाद छ। मलाई पनि लाग्छ कि प्रेम सिमानाभन्दा धेरै माथि छ । कठिनाइहरू छन् तर मैले हार मानेको छैन ।"

कर्मा आफ्नी पत्नी र बच्चालाई भुटान लैजान चाहन्छन् र त्यहाँ बस्न चाहन्छन्, तर त्यहाँको नियमले उनलाई त्यसो गर्नबाट रोक्छ ।

यदि कर्मा आफ्नी पत्नीसँग भुटान जान्छन् भने उनले प्रतिदिन १२ सय रुपैयाँ एसडिएफ तिर्नुपर्नेछ।

एकपटक छोकी डुक्पा चार दिनका लागि भुटान गएकी थिइन्, उनले एसडिएफबापत चार हजार ८०० रुपैयाँ तिर्नुपरेको थियो ।

कर्माले कोशिश गरिरहेका छन् कि छोकीले भुटानबाट वैवाहिक प्रमाणपत्र पाओस् । यसको लागि छोकीले भुटान गएर अन्तर्वार्ता दिइन् तर अहिलेसम्म कुनै नतीजा आएको छैन । छोकीले भुटानी भाषा जान्ने भएकीले आफ्नी पत्नीले राम्रो अङ्क पाएको हुनुपर्छ भन्ने कर्मा सोच्छन्।

कर्मा भन्छन्, "मैले भुटानबाट विवाहको प्रमाणपत्र ल्याएँ भने मेरी पत्नी भुटानमा बस्न पाउँछिन् । विवाहको प्रमाणपत्र हरेक चार वर्षमा नवीकरण गर्नुपर्छ । विवाहको प्रमाणपत्रको लागि बच्चालाई लिएर अदालत गएँ। प्रमाणपत्र पाएमा आवतजावतमा कुनै समस्या हुनेछैन र एसडिएफ पनि तिर्नुपर्दैन। म भुटानमा एक्लै बस्न सक्दिनँ र पत्नीलाई साथमा राखेमा दैनिक पैसा तिर्नुपर्छ । कम्तीमा भारतले प्रेमलाई आश्रय दिइरहेको छ।"

आफ्नी पत्नी र बच्चाको भविष्यलाई लिएर आफू चिन्तित रहेको कर्मा बताउँछन्। जब कर्माले यी कुराहरू भन्दै थिए, उनको डेढ वर्षको बच्चा रोइरहेको थियो । उनले आफ्नो बच्चालाई अँगालोमा हाले र केही समयको लागि पूर्णरूपमा मौन रहे ।

कर्माले भावुक भएर मौनता तोड्दै भने, "भुटान मेरो जन्मभूमि हो । बिहे गरेपछि मानिसहरूले आफ्नी पत्नीलाई आफ्नो घरमा लैजान्छन्। मेरो बच्चाको भविष्य मेरो हातमा छ। मैले कुनै गलती गरेको छैन । प्रेम गर्नु अपराध होइन ।

कोभिडअघि भारतीयहरूले भुटानमा पैसा तिर्नुपर्दैनथ्यो । त्यो नियम लागू भइरहेको भए मलाई सजिलो हुने थियो। आफ्नै पत्नीलाई साथमा राख्न पैसा तिर्नुपर्छ । यो सही लाग्दैन, तर नियम छ भने पालना गर्नुपर्छ ।"

**भारतमा रहे आमाको याद, भुटानमा रहे पति र बच्चाको याद**

भुटानकी छिमी डेमाले १६ वर्षअघि जयगाउँका पूरण क्षेत्रीलाई जीवनसाथी बनाएकी थिइन्। पूरण र छिमीका अहिले १२ र १४ वर्षका दुई छोरा छन्।

छिमीको जीवनमा कुनै कमी छैन। भुटानी सिमानाको ठीक पछाडी पर्ने जयगाउँमा एउटा सुन्दर घर छ।

छिमीको घर भुटानी सिमानाको यति नजीक छ कि सीमाको पर्खालमा बसेको परेवा उडेर आउँदा छिमीको छतमैं बस्छ। छिमी आफ्नो प्रेम र परिवारसँग निकै खुसी देखिन्छिन् । तर आमालाई सम्झेर भावुक हुन्छिन्।

छिमीकी आमा ६७ वर्षकी छन् र भुटानको पारोदेखि दुई किलोमिटर टाढाको गाउँमा बस्छिन्।

पारो भुटानको एकमात्र यस्तो शहर हो, जहाँ विमानस्थल छ । छिमी एक्ली सन्तान हुन्।

छिमीका बुबा दार्जिलिङको बौद्ध मन्दिरमा लामा थिए । उनको मृत्यु भइसकेको छ । भारतमा पतिको मृत्यु र छोरीको बिहेपछि उनी पूर्णतया एक्ली भइन्।

छिमी भन्छिन्, "पाकिस्तानी फिल्ममा एक संवाद छ- प्रेम विज्ञान र विछोड कला हो । म मेरो पतिसँग विज्ञानमा बाँचिरहेको छु भने आमासँग कलामा । संसारका अधिकांश महिलाले यो जीवन रोज्नुपर्छ।"

आमालाई सम्झँदै छिमी भन्छिन्, "आमालाई म यहाँ ल्याउन सक्छु तर उहाँलाई यहाँ मन लाग्दैन, उहाँ घरको बगैंचाको फूल सम्झन थाल्नुहुन्छ, हिमाल र पहाडको सम्झनामा हराउनुहुन्छ, उहाँको नसानसामा भुटानको हावापानी बग्छ । उहाँ मेरो विवाहको विरुद्धमा हुनुहुन्थ्यो ।"

"उहाँ हामीसँग वर्षौंदेखि रिसाउनुभएको छ। भुटानमा नेपालीभाषी र गोर्खाहरूका बारेमा धेरै ऐतिहासिक पूर्वाग्रह छन्। ९० को दशकमा भुटानमा नेपालीभाषीहरूविरुद्ध अभियान चलेको थियो । तर संयोगले मैले नेपालीलाई जीवनसाथी रोजें । अहिले मेरी आमाले मेरो पतिलाई स्वीकार गर्नुभएको छ । मेरो पतिले आमाको लागि थोरै भुटानी र आमाले ज्वाइँका लागि अलिकति नेपाली सिक्नुभएको छ ।"

तर भुटानमा पनि ठूलो सङ्ख्यामा मानिस नेपाली भाषा बोल्छन् र बुझ्छन् पनि ।

छिमी डेमा र पूरण क्षेत्रीको पहिलो भेट सन् २००६ मा कालिम्पोङमा भएको थियो। पूरण आफ्ना तिब्बती साथीसँग धार्मिक कार्यक्रमको लागि कालिम्पोङ गएका थिए।

छिमी पनि त्यही कार्यक्रममा आएकी थिइन् । यो पहिलो भेटको सिलसिला थामिएन। छिमीका आमाबुबा नेपालीभाषी भारतीय पूरणसँग विवाह गर्न राजी भएनन्, त्यसैले दुवैले भागेर विवाह गरे ।

छिमीले भुटानलाई बिर्सन सक्दिनन्। आमा एक्लै नभएकी भए आफूले भुटानलाई बिर्सी सक्ने उनी बताउँछिन्। छिमीले अहिलेसम्म भुटानी नागरिकता त्यागेकी छैनन् । यदि उनले नागरिकता त्यागेमा भुटानको यात्रा गर्न गाऱ्हो हुनेछ।

छिमी भन्छिन्- पतिसँग आमाकहाँ जान सक्दिनँ। छोराछोरीलाई हजुरआमा भेट्न लैजान पनि उत्तिकै गाऱ्हो छ । अब नयाँ नियम अनुसार पति र छोराछोरीलाई भुटान लगेमा हरेक दिन तीनैजनाको एसडिएफबापत तीन हजार ६०० रुपैयाँ तिर्नुपर्छ। यतिको रकम दिन सजिलो छैन। पतिलाई सँगै लैजान पनि अनुमति लिनुपर्छ। पति कति दिन मसँग बस्ने भनेर पहिले बताउनुपर्छ। भुटानमा प्रेमलाई ख्याल गर्ने एउटै नियम छैन । प्रत्येक नियमले विभाजनलाई प्रोत्साहन दिन्छ । तिनीहरूले हाम्रो प्रेमको वास्ता गर्दैनन्, तर हामीले तिनीहरूका सबै नियम पालना गर्नुपर्छ ।

पूरण र छिमीले पनि भुटानबाट विवाहको प्रमाणपत्र (एमसी) बनाउन खोजेका थिए तर असफल भए। छिमीले अहिले एमसीको आशा त्यागेको बताउँछिन्।

पूरण भुटानको नियमप्रति रिसाउँछन्। यस विषयमा भारतले भुटानसँग कुरा गर्नुपर्ने उनको भनाइ छ। भुटानले हरेक दिन नियम परिवर्तन गर्दा सिमानामा बसोबास गर्ने मानिसहरू त्रसित भएको पूरणको भनाइ छ ।

पूरण भन्छन्, "भुटानीहरूका लागि भारतमा त्यस्तो कुनै नियम छैन, जसका कारण उनीहरू समस्यामा पर्छन्। तर भुटानले भारतीयहरूका लागि यस्ता धेरै नियम बनाएको छ। दैनिक सयौं भुटानी गाडीहरू भारत आउँछन्, तर उनीहरूलाई कुनै शुल्क लाग्दैन ।

**सिमानामा पीडा**

भारत र भुटानको सिमानामा निकै सतर्कता बढाइएको छ । खासगरी भारतीयहरूका लागि भुटान जान त्यति सजिलो छैन ।

भारतीयहरूलाई भुटान जानको लागि भिसा नचाहिने भएपनि मतदाता परिचयपत्र वा राहदानी देखाउनु अनिवार्य छ।

यी दुई परिचयपत्रका आधारमा भारतीयहरूले भुटान जान अनुमति पाउँछन्। एक हिसाबले यो अनुमति भिसा जस्तै हो ।

कहाँ जाने र कति दिन बस्ने भन्ने सबै विवरण सीमानाकामा दिनुपर्छ ।

यदि कुनै भारतीय १० दिनका लागि भुटान गएको खण्डमा उसले १० दिनसम्म भुटानी गाइड राख्नुपर्छ ।

यसका लागि उक्त गाइडलाई हरेक दिन १५ सय रुपैयाँ तिर्नुपर्छ । यसबाहेक प्रतिव्यक्ति १२ सय रुपैयाँ एसडिएफबापत दिनुपर्छ ।

तर जब भुटानी भारत आउँछन्, उनीहरूका लागि त्यस्तो कुनै नियम छैन। उनीहरू सजिलै भारत आउन सक्छन् र भारतको जुनसुकै भागमा जति दिन पनि बस्न सक्छन् ।

भुटानको नयाँ शासनप्रति जयगाउँका आमजनतामा पनि असन्तुष्टि देखिएको छ।

भारतका लागि भुटानका राजदूत पवन वर्मालाई सोधियो कि भुटान विवाहित जोडीप्रति अलिकति उदार हुनुपर्छ कि पर्दैन ?

पवन वर्मा भन्छन्, "यदि भुटान र भारतबीच कुनै समस्या छ भने त्यसको समाधान खोज्न सजिलो छ। दुई देशबीच अटल विश्वासको सम्बन्ध छ। यो विश्वास आज बनेको नभई पछिल्लो ७० वर्षदेखिको हो। पण्डित जवाहरलाल नेहरू

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## राष्ट्रिय सुरक्षा टोलीलाई शङ्कास्पद वस्तु पत्ता लगाउन निर्देशन

वाशिङ्टन, ६ फागुन/एएनआई

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जो बाइडेनले राष्ट्रिय सुरक्षा टोलीलाई शङ्कास्पद वस्तुबारे अमेरिकाको प्रतिक्रियाका विषयमा टिप्पणी गर्दै राष्ट्रपति बाइडेनले गुप्तचर निकायले



संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जो बाइडेन। तस्वीरः एएनआई

वायुमण्डलमा मानवरहित तरीकाले राखिन सक्ने शङ्कास्पद वस्तुहरू पत्ता लगाउने संयन्त्रको विकास गर्न निर्देशन दिएका छन्।

ह्वाइट हाउसले ट्वीटरमा उल्लेख गरे अनुसार राष्ट्रपति बाइडेनले आफ्नो राष्ट्रिय सुरक्षा टोलीलाई अमेरिकी आकाशमा मानवरहित वायुजन्य वस्तु पत्ता लगाउने संयन्त्र स्थापना गर्न निर्देशन दिएका छन्। राष्ट्रपति बाइडेनले राष्ट्रिय सुरक्षा टोलीलाई मानवरहित सम्भावित वायुजन्य वस्तुको सूची तयार पार्न र यी वस्तु पत्ता लगाउने क्षमता सुधार गर्न थप उपाय अवलम्बन गर्नसमेत निर्देशन दिएका छन्।

अमेरिकी आकाशमा हालै देखिएका विगतका दिनहरूमा खसालेका तीन वस्तु चीनको निगरानी प्रणालीसँग सम्बन्धित रहेको वा नरहेकोबारे थप अनुसन्धान गर्नसमेत निर्देशन दिएका छन्।

यसैबीच, राष्ट्रपति बाइडेनले चिनियाँ राष्ट्रपति सी जिनपिङसँग वार्ता गर्ने अपेक्षा गरेको पनि उल्लेख गरेका छन्। खुफिया निकायको पछिल्लो अनुसन्धान अनुसार ती वस्तु प्रायः निजी कम्पनीहरू वा मौसम अध्ययन गर्ने वा अन्य वैज्ञानिक अनुसन्धान सञ्चालन गर्ने संस्थाहरूसँग सम्बन्धित बलुनहरू थिए।

गत फेब्रुअरी ४ मा चीनले मुख्यरूपमा मौसम विज्ञानको अनुसन्धानका लागि प्रयोग गरिएको नागरिक हवाई जहाज भएको दाबी गरेको विशाल बलुनलाई एक हप्तासम्म देशमा घुमाएपछि खसालेको अमेरिकाको दाबी छ।

"म स्पष्ट हुन चाहन्छु पछिल्ला दिनमा हाम्रो आकाशमा देखिने शङ्कास्पद वस्तुको सङ्ख्यामा अचानक वृद्धि भएको कुनै प्रमाण त छैन तर हामीले जडान गरेका निगरानी राडरले त्यसबारे थप जानकारी दिनेछन्।"

राष्ट्रपति बाइडेनले केही समयअघि देखिएका ती तीन वस्तु चिनियाँ जासुस बलुन कार्यक्रमसँग सम्बन्धित हुन् वा अन्य कुनै देशको निगरानी संयन्त्रसँग सम्बन्धित हुन सक्छन् भन्नेबारे थप अनुसन्धान आवश्यक रहेको बताएका छन्। उनले अमेरिकाले आफ्नो आकाशमा देखेका हरेक मौसमी बलुनलाई गोली हान्ने त छैन तर ती जासुसीसँग सम्बन्धित छन् वा छैनन् त्यसबारे भने गम्भीर अध्ययन अनुसन्धान भने गर्ने बताएका छन्।

उनले यदि कुनै वस्तुले अमेरिकी जनताको सुरक्षामा खतरा उत्पन्न गर्छ भने त्यसलाई नियन्त्रण गर्न अमेरिका सक्षम हुने पनि उनले दाबी गरेका छन्। राष्ट्रपति बाइडेनले ती तीन वस्तु कुनै निजी कम्पनी, मनोरञ्जन वा अनुसन्धान संस्था, मौसम अध्ययन वा अन्य वैज्ञानिक अनुसन्धान सञ्चालन गर्ने बेलुन पनि हुन सक्ने उनको धारणा छ।

"अमेरिकाले चीनसँग नयाँ शीतयुद्ध चाहिरहेको छैन। हामी पनि चीनसँग घनिष्ट संलग्नता चाहन्छौं," राष्ट्रपति बाइडेनले भने। अमेरिकी कूटनीतिज्ञहरू चिनियाँ समकक्षीहरूसँग निरन्तर सम्पर्कमा रहेर चीनका राष्ट्रपतिसँग संवाद जारी राख्ने राष्ट्रपति बाइडेनको धारणा छ। रासस

## अस्ट्रेलिया भारतको जी-२० अध्यक्षताको सबैभन्दा बलियो समर्थक

सिडनी, ५ फागुन/एएनआई

अस्ट्रेलियाका उद्योग, ऊर्जा र उत्सर्जन न्यूनीकरण मन्त्री क्रिस बोवेनले भारतको जी-२० अध्यक्षको अस्ट्रेलिया सबैभन्दा बलियो समर्थक रहेको बताएका छन्। उनले आफ्नो देशले भारतलाई हरसम्भव तरीकामा समर्थन गर्ने पनि उल्लेख गरेका छन्। "अस्ट्रेलिया जतिको भारतको जी-२० को अध्यक्षताको बलियो समर्थक अरू कुनै छैन। हामी तपाईंलाई हरसम्भव तरीकाले समर्थन गर्नेछौं," बोवेनले अस्ट्रेलियामा रायसिनाको वक्ताको हैसियतबाट सो धारणा राखेका हुन्।

"भारतको लागि जी-२० को अध्यक्षता गर्न यो उत्कृष्ट वर्ष हो र मेरो विचारमा भारतले स्वच्छ ऊर्जा मन्त्रीस्तरीय बैठकको पनि अध्यक्षता गरोस्," मन्त्री बोवेनले भने। रासस

## शृङ्खलाबद्ध गोलीकाण्डमा मिसिसिपीमा छजनाको मृत्यु

मिसिसिपी, ६ फागुन/एएनआई

मिसिसिपीको टेट काउन्टीमा शुक्रवार भएको शृङ्खलाबद्ध गोलीकाण्डमा कम्तीमा छजनाको निधन भएको सिएनएनले उल्लेख गरेको छ।




तस्वीरः एएनआई

घटनामा संलग्न रहेको आशङ्कामा एकजनालाई नियन्त्रणमा लिइएको पनि स्थानीय अधिकारीले बताएका छन्। सो घटना अर्काबुतला समुदायमा भएको थियो। टेट काउन्टी शेरीफ ब्राड लान्सले दिएको जानकारी अनुसार एउटा घटना अर्काबुतला रोडको स्टोरभित्र भएको थियो र सो घटनामा एक व्यक्तिलाई गोली हानिएको थियो।

त्यसैगरी, अर्काबुतला बाँध रोडमा रहेको घरभित्रै एक महिलाको पनि हत्या भएको र उनका पनि पनि घाइते भएको पाइएको छ। अर्काबुतला बाँध रोडमा एक सवारीसाधनभित्र संदिग्ध व्यक्ति देखिएपछि टेट काउन्टीका प्रतिनिधिले उनलाई नियन्त्रणमा लिएका थिए।

उनको गिरफ्तारीपछि मारिएका थप अन्य चार व्यक्ति फेला परेका थिए। यसैबीच, अमेरिकी राष्ट्रपति जो बाइडेन र प्रथम महिला जिल बाइडेनले सो हिंसामा मारिएकाहरूप्रति शोक व्यक्त गरेका छन्।

साथै राष्ट्रपति बाइडेनले बन्दुकसम्बन्धी कानूनमा सुधारको आवश्यकतासमेत औंल्याए। घटनाबारे अनुसन्धान जारी रहेकाले विस्तृत विवरण आउन बाँकी छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कर्मप्राप्ति | वृष – अलमल |
| मिथुन – रोगभय | कर्कट – व्यापारवृद्धि |
| सिंह – कडापरिश्रम | कन्या – कार्यनाश |
| तुला – भयचिन्ता | वृश्चिक – मित्रमिलन |
| धनु – कान्तिक्षय | मकर – सुयश |
| कुम्भ – खर्चवृद्धि | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

**नेविप्रा पोखरिया वितरण केन्द्र, पोखरिया, पर्साको सूचना**

मिति २०७९/११/०७ गतेका दिन वीरगंज-पोखरिया ३३ केभी लाइनको कन्डक्टर अपग्रेडिङ कार्यको लागि वीरगंज स/स बाट सप्लाई रहेको ३३ केभी र पोखरिया स/स बाट सप्लाई रहेको ३३/११ सेढवा स/स को लाइन बिहान ०८:०० बजेदेखि बेलुका ०५:०० बजेसम्मको लागी Shut Down रहने भएकोले सो feeder बाट सञ्चालित लाइन अवरुद्ध हुने हुँदा सम्पूर्ण ग्राहक वर्गमा जानकारी गराइन्छ। यसबाट ग्राहकवर्गमा पर्न गएको असुविधाप्रति पोखरिया वि.के. क्षमाप्रार्थी छ।

**सूचना ! सूचना !! सूचना !!!**

यस वीरगंज महानगरपालिकाको मिति २०७९/११/१ को भौतिक पूर्वाधार अतिक्रमण खाली गर्ने समितिको निर्णयबमोजिम नगर क्षेत्रमा रहेका सडक, फूटपाथ र नाला अतिक्रमण गरी बनाइएका सिढी, रैम्प, छेकबार तथा यस महानगरपालिकाको वडा नं.१० स्थित पशुपति आदर्शनगर निर्माण समितिको प्लटहरूबीचमा रहेको १० फिटे नालाहरूमाथि निर्माण गरिएका भौतिक संरचना ७ (सात) दिनभित्र खाली गर्न सम्बन्धित सबैलाई सूचित गरिन्छ। यदि सो म्यादभित्र उक्त संरचनाहरू नहटाइएमा यस कार्यालयबाट खाली गराउँदा लाग्ने दस्तुर/खर्चसमेत सम्बन्धित व्यक्ति, सङ्घ-संस्था र फर्मबाट नै असूलउपर हुने बेहोरासमेत जानकारी गराइन्छ।

## वीरगंजमा सोमानी र जगवार टायलको शोरूम खुल्यो

प्रस, परवानीपुर, ६ फागुन/

वीरगंजमा भारतीय टायल कम्पनी सोमानी र जगवारको बिक्री कक्ष सञ्चालनमा आएको छ। निर्माणका लागि आवश्यक पर्ने टायलसँगै बाथरूम फिटिङसम्बन्धी विभिन्न अत्याधुनिक सामग्रीसहितको बिक्री तथा प्रदर्शनी कक्ष वीरगंजमा सञ्चालनमा आएको हो।

वीरगंजको लाठ घरानाको जिटिसी ओभरसिज प्रालिले सञ्चालनमा ल्याएको शोरूमको हिजो सोमानी भारतका उपाध्यक्ष सुजीत मनोहत र जगवार कम्पनीका नेपाल प्रमुख नरेश मनोतले संयुक्तरूपमा उद्घाटन गरेका थिए। आदर्शनगरस्थित ठाकुर राम बहुमुखी क्याम्पसपछाडि जिटिसी ओभरसिजमा शोरूम सञ्चालनमा आएको हो। नेपाली बजारमा ३० वर्ष तथा वीरगंजमा २० वर्षदेखि खरीद-बिक्री गर्दै आए पनि पहिलोपटक प्रदर्शनीसहितको बिक्री कक्ष सञ्चालन गरिएको सोमानी कम्पनीका नेपाल प्रमुख रूपेश मनोहतले बताए। मनोहतका अनुसार नेपालमा प्रतिवर्ष २५ सय करोड बराबरको टायल तथा बाथरूमसम्बन्धी सामग्रीको कारोबार हुने गरेको छ।

पछिल्लो समय घर तथा कार्यालयसँगै विभिन्न किसिमका संरचना बनाउँदा टायलको प्रयोग हुने गरेको छ। आउँदा वर्ष वीरगंजमा सोमानी कम्पनीले उद्योग स्थापना गर्ने योजना बनाएको उनले बताए। जगवार कम्पनीले पनि बाथरूममा प्रयोग हुने सबै किसिमका सामग्रीदेखि गेटदेखि बाथरूमसम्म प्रयोग हुने लाइटिङको उत्पादन तथा बिक्री वितरण गर्दै आएको नेपाल प्रमुख मनोहतले बताए। भारत, चीन, दक्षिण कोरिया, इटाली, टर्कीसँगै नेपालमा पनि यसको बिक्री वितरण हुँदा यसले नेपालको नाम पनि विश्वमा चिनाएको मनोहतले बताए। उनले आफ्नो कम्पनीले नेपालमा २३ वर्षदेखि कारोबार गर्दै आएको बताए। आमउपभोक्ताले सहजै प्रयोग गर्ने विश्वसनीय एवं गुणस्तरीय सामग्रीको उत्पादन र बिक्री वितरण गर्दै आएको उनले दाबी पनि गरे।




शोरूममा विभिन्न आकारप्रकारका सोमानी ब्रान्डका टायल उपलब्ध हुने जिटिसी ओभरसिजका सञ्चालक आशिष लाठले बताए। उनले सोमानीका टाइलसँगै जगवार कम्पनीका बाथरूम फिटिङ र बत्तीहरू बिक्री वितरणका लागि राखिएको बताए। यस्तै, जगवार डिस्प्ले स्टोर र जगवार लेआउट स्टोर गरी दुई प्रकारका उत्पादनहरू बिक्रीका लागि राखिएका छन्।

उद्घाटन कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका अध्यक्ष गणेश लाठ, वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष हरि गौतम, नेकाका अजयकुमार द्विवेदी, डा सुषमा तिवारी, रम्भा मिश्रलगायतको सहभागिता थियो।

## सीमापार प्रेम ...

पैदलै भुटान पुगे र उनले आश्वासन दिए कि भुटान एक स्वतन्त्र देश हो र भारतले सधैं यसको सम्मान गर्ने बताए।"

पवन वर्मा भन्छन्- "भुटानको उत्तरमा २० हजार फिट अग्लो हिमाल छ। भुटान र भारतबीच निरन्तर सञ्चार हुन्छ। भुटान नागरिकताको मामिलामा निकै संवेदनशील छ। भुटान आफ्नो पहिचानलाई लिएर निकै सजग रहन्छ। नेपाल र सिक्किमलाई उदाहरणका रूपमा लिन सकिन्छ। दुवै ठाउँमा बाहिरका यति धेरै मानिस आए कि उनीहरूको स्थानीय पहिचान धमिलो भएको छ। भुटानले सिक्किम र नेपालको विशेष पहिचान प्रभावित भएको देखेको छ। भुटानको प्रयास यो हो कि जो यहाँका नागरिक हुन्, जो यहाँ जन्मेका छन्, जो भुटानी पुर्खा हुन्, उनीहरूमा कुनै परिवर्तन नहोस्।"

उनीहरू भन्छन्- यदि एकजना विवाहित जोडीलाई हरेक दिन भुटान जान एसडिएफ दिनु ठूलो समस्या हो भने वार्ताबाटै समाधान हुन्छ। रणनीतिक दृष्टिकोणले भुटान भारतको लागि विशेष मित्र हो। यो एउटा सानो देश हो। यो सम्भव छ कि भुटानका केही कानूनहरू सजिला छैनन्। मलाई लाग्छ कि हामीले साना छिमेकी देशहरू, जो हाम्रो सहयोगमा धेरै निर्भर छन्, उनीहरूप्रति लचकता देखाउनुपर्छ, न कि कुनै अपेक्षा। सबै कुरामा मेकानिकल प्रतिक्रिया दिन सकिँदैन। भुटानले जे गरिरहेको छ, हामीले पनि त्यही गर्नुपर्छ भनेर भन्न मिल्दैन। यसको कुनै आवश्यकता छैन। भुटानसँगको हाम्रो सम्बन्ध प्रेम विवाहभन्दा माथि छ। यी कुरामा मात्रै अल्झिएर हामी रहन सक्दैनौं। भुटानसँगको सम्बन्ध लामो समयदेखि निर्माण भएको हो।

भनिन्छ, भुटान आफ्नो संस्कृति र पहिचानप्रति निकै सचेत छ।

भुटान भारतसँगको सिमाना खुला होस् भन्ने चाहन्छ तर भारतको ठूलो जनसङ्ख्या त्यहाँ नआओस् भन्ने पनि चाहन्छ। भुटानको जनसङ्ख्या करीब आठ लाख छ। नेपाली जनता भुटानमा ठूलो सङ्ख्यामा आउन थालेपछि भुटान रोक लगाउनुपरेको थियो।

क्षेत्रफलको हिसाबले भुटान हिमाचल प्रदेशभन्दा सानो छ। भारत दक्षिण एशियाको सबैभन्दा ठूलो देश हो।

पवन वर्मा भन्छन्, "भारत ठूलो छ, त्यसैले साना देशसँग महानताका साथ व्यवहार पनि गर्नुपर्छ।"

ठूलो देश भएकोले कसैका लागि खतराको रूपमा नआउनु भारतको दायित्व रहेको उनको भनाइ छ।

दक्षिण एशियामा भुटानको प्रतिव्यक्ति आय सबैभन्दा बढी छ। भुटानले आर्थिक वृद्धिदरभन्दा जिएचआई अर्थात् ग्रस ह्यापिनेस इन्डेक्समा बढी ध्यान दिन्छ। भनिन्छ, भुटानले यी कुराहरूलाई दिगो बनाउन आफूलाई धेरै खुल्ला गरेको छैन।

जयगाउँ पश्चिम बङ्गालको कालचिनी विधानसभा क्षेत्र अन्तर्गत पर्छ। यहाँबाट भाजपाका विधायक विशाल लामा हुन्। यो विधानसभा क्षेत्र अनुसूचित जनजातिका लागि आरक्षित छ।

लामाका अनुसार पूरै विधानसभा क्षेत्रमा ४० प्रतिशत जनसङ्ख्या नेपालीभाषी रहेको छ। यो कुरा यस क्षेत्रमा आउँदा पनि महसूस हुन्छ। सार्वजनिकस्थलमा मानिस कि नेपाली बोल्छन् कि हिन्दी।

विशाल लामालाई आफ्नो निर्वाचन क्षेत्रका जनताले भुटानको नागरिकता र विवाहको प्रमाणपत्रको लागि पाएका समस्याबारे सोध्दा उनले भुटान सार्वभौमसत्ता सम्पन्न देश भएकोले ऊ आफ्नो नियम बनाउन स्वतन्त्र रहेको बताए।

भुटानका अधिकारीहरूसँग कुरा गर्दा उनीहरूले आफ्नो संविधानमा जे नियम छ त्यही नै आधिकारिक रहेको र यसबारे थप टिप्पणी नगर्ने बताए।

### भुटानमा वैवाहिक प्रमाणपत्रको लागि के के चाहिन्छ ?

भुटानी केटा वा केटीलाई विदेशीसँग विवाह गर्न अभिभावकको सहमति चाहिन्छ। अर्थात् एनओसी दिनुपर्छ।

यसबाहेक आपराधिक अभिलेख नभएको भनी प्रहरीबाट एनओसी लिनुपर्ने हुन्छ।

त्यसपछि ब्लक र त्यसपछि अदालत जानुपर्छ। अन्तर्वार्तामा युवती भारतीय हुन् भने उनलाई भुटानको बारेमा के कति थाहा छ भनी सोधिन्छ।

यदि युवतीलाई भुटानी भाषा आउँछ भने उसलाई अतिरिक्त अङ्क दिइन्छ। अन्तर्वार्तामा धेरै किसिमका प्रश्न सोधिन्छन्। परिवारले एनओसी नदिए विवाहको प्रमाणपत्र पनि पाइँदैन।

भुटानको विवाह विधेयक, २०१७ बमोजिम भुटानका प्रत्येक नागरिक र बासिन्दालाई धर्म, जात, लिङ्ग, वर्ग, रङको भेदभाव नगरी कुनै पनि व्यक्तिसँग विवाह गर्ने अधिकार रहेको छ। तर विवाहको लागि केटा र केटीबीच आपसी सहमति हुनुपर्दछ र उनीहरूले विवाह ऐनमा भएका सबै प्रावधानको पालना गर्नुपर्छ।

सन् २०१५ मा भुटानको सर्वोच्च अदालतले आफ्नो फैसलामा विदेशीसँग विवाह गर्ने भुटानी नागरिकले विवाह प्रमाणपत्र पाउन सक्ने बताएको थियो।

सर्वोच्च अदालतले भुटानमा विवाह प्रमाणपत्र जारी गर्न हरेक वर्ष अन्तर्वार्ता लिन्छ। यो अन्तर्वार्ता पास गरेपछि जनगणनामा पतिको नाम भएको जिल्लाको जिल्ला अदालतबाट विवाह प्रमाणपत्र प्राप्त गर्न योग्य हुन्छन्।

भुटानी नागरिकता प्राप्त गर्न विदेशीहरूलाई सजिलो छैन। यदि तपाईं भुटानीसँग विवाह गर्न खोज्दै हुनुहुन्छ भने पहिले आफैंलाई यो प्रश्न सोध्नुहोस् कि के म भुटानमा बस्न चाहन्छु ?

यदि तपाईंले भुटानीसँग विवाह गर्नुभयो भने तपाईंले स्वतः भुटानी नागरिकता प्राप्त गर्न सक्नुहुन्न।

यदि तपाईं भुटानमा बसोबास गर्न चाहनुहुन्छ भने त्यहाँ एक विकल्प छ- प्राकृतिकीकरणद्वारा भुटानी नागरिकताको लागि आवेदन दिनुहोस् वा भुटानमा बस्नको लागि विशेष आवास अनुमतिको लागि आवेदन दिनुहोस्।

पहिलो विकल्प यति सरल छैन। प्राकृतिकीकरणको लागि आवेदन दिन तपाईं भुटानमा १० वर्षदेखि बस्नुभएको हुनुपर्छ र त्यहाँ आफ्नो स्वामित्वको जमीन हुनुपर्छ। तर कतिपय अवस्थामा भुटानका राजाले पनि यी नियममा छुट दिएका छन्।

दोस्रो विकल्प पहिलोभन्दा अलि सजिलो छ।

### भुटान र तिनका विदेशी साझेदारहरूमा प्रतिबन्ध

विदेशीसँग विवाह गर्ने भुटानीहरूलाई राजनीतिक दल, सेना र केही सरकारी जागीरहरूमा प्रवेश गर्न अनुमति छैन।

भुटानको कानून अनुसार कुनै भुटानी पुरुषले विदेशी युवतीसँग विवाह गरेमा उसको सन्तानले भुटानी नागरिकता पाउन सक्छ। तर भुटानी केटीले विदेशीसँग बिहे गरेमा उसको सन्तानले स्वतः भुटानी नागरिकता पाउनेछैन।

उनीहरूका सन्तानले नागरिकता पाउन लामो आवेदन प्रक्रिया पार गर्नुपर्ने हुन्छ।

भुटानमा दोहोरो नागरिकताको व्यवस्था छैन। यदि तपाईंले भुटानी नागरिकता प्राप्त गर्नुभयो भने तपाईंले आफ्नो मूल देशको राहदानी त्याग्नुपर्नेछ।

भुटानको विवाह ऐनलाई यी बुँदाहरूमा बुझ्न सकिन्छ–

- केटा र केटीलाई चिनेका दुई जमानतकर्ता अदालतमा हाजिर हुनुपर्छ, जसमध्ये एकजना जमानतकर्ता भुटानी नागरिक हुनुपर्छ।
- गैरभुटानी पति/पत्नीले नागरिकता प्राप्त गरेपछि भुटानमा बस्न सक्छन्।
- भुटानी नागरिक सरकारी जागीरे भएको अवस्थामा विदेशीसँग विवाह गरेमा भएको पदभन्दा बढुवा हुनेछैन।
- विदेशीसँग विवाह गर्ने भुटानीले रक्षा विभाग वा परराष्ट्र मन्त्रालयमा काम गर्ने मौका पाउने छैन।
- विदेशीसँग विवाह गर्ने भुटानीहरूले पनि धेरै सरकारी योजनाको लाभबाट वञ्चित हुनुपर्छ।
- गैरभुटानी पति/पत्नीलाई भुटानको धर्मबाहेक कुनै पनि नयाँ धर्म ग्रहण गर्न वा प्रचार गर्न अनुमति दिइनेछैन।
- गैरभुटानी पति/पत्नीले भुटानी संस्कृति अपनाउनुपर्छ र सरकारको आदेशको पालना गर्नुपर्छ।

### भारतमा के प्रावधान छ

भुटानका मानिसहरू भारतका जुनसुकै ठाउँमा परिचयपत्र देखाएर आउनजान सक्छन्। उनीहरूमाथि कुनै प्रतिबन्ध छैन। भुटानी केटाले भारतीय केटीसँग बिहे गरेपछि भारतमा बस्न पाउँछन् र भुटानी केटीले भारतीय केटासँग बिहे गरेमा विवाहको आधारमा नागरिकतालगायतका सबै अधिकार पाउँछन्। मतदाता नामावलीमा नाम र आधार कार्ड आउनेबित्तिकै बनाइन्छ।

–स्रोतः बिबिसी हिन्दी

# जीराभवानी मेला शुरू

प्रस, सेढवा, ६ फागुन/

पर्सा जिल्लाको ऐतिहासिक तथा धार्मिक जीराभवानी मेला शनिवार



शिवरात्रिदेखि भव्यरूपमा शुरू भएको छ।

महाशिवरात्रिको अवसरमा लागेको मेलामा शनिवार बिहानदेखि भक्तजनहरूको घुइँचो लागेको थियो। एक हप्तासम्म चल्ने मेलामा आज ग्रामीण भेगका किसानहरूले विशेषरूपमा पूजा गरे। किसानहरूले निराहार व्रत बसी प्रसाद बनाएर भगवान् भोलेनाथको कथावाचन गरी मनाएका थिए। जीराभवानी मेलामा आज भगवान् शिवको मूर्तिमा जल चढाउन आउनेहरूको ठूलो भीड लागेको थियो। मेला समितिबाट खटेका सामाजिक परिचालक तथा जनपद र सशस्त्र प्रहरीले भक्तजनहरूको व्यवस्थापन गरेका थिए। मेला भर्न पर्सा, बारा, चितवन र भारतको बिहार राज्यबाट भक्तजनहरू बर्सेनि आउने गर्छन्। पहिलो दिन वीरगंजबाट आउने भक्तजनहरूको सङ्ख्या बढी रह्यो।

# सेनाको वार्षिकोत्सवमा वृत्तचित्र प्रदर्शनी

प्रस, वीरगंज, ६ फागुन/

महाशिवरात्रि तथा नेपाली सेनाको



२६०औं वार्षिकोत्सवको अवसरमा वीरगंजस्थित श्रीजङ्ग गणले तस्वीर, वृत्तचित्र प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रम गरेको छ।

गणमा आयोजित कार्यक्रममा नेपाली सेना, गौतम माध्यमिक विद्यालय तथा नेपाली सेनाबाट तालीमप्राप्त राष्ट्रिय सेवा दलका विद्यार्थीहरूले राष्ट्र र राष्ट्रियता झल्किने गीत तथा नृत्यहरू प्रस्तुत गरेका थिए।

कार्यक्रममा सेनासँग सम्बन्धित तस्वीर एवं वृत्तचित्र प्रदर्शनी गरिएको थियो।

निमित्त प्रमुख जिल्ला अधिकारी वेदनिधि खनालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा श्रीजङ्ग गणका प्रमुख सेनानी डायमन्ड कार्की, सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलिया, प्रहरी उपरीक्षक कोमल शाह, डा नीरज सिंहलगायतको सहभागिता थियो।

**महानगरको आयोजनामा ...**

महानगरपालिकाले हालसम्म गरेका विकास निर्माणका कार्यहरू र आगामी दिनमा गर्ने विकास निर्माण तथा विभिन्न अभियानबारे जानकारी गराएका थिए।

उनले राजनीतिक दलहरूको सल्लाह सुझावलाई आत्मसात् गर्दै दलहरूसँग सहकार्य गरेर अघि बढ्ने बताए। उपप्रमुख इम्तियाज आलमले महानगरले राजनीतिक पूर्वाग्रह नराखेर विकास निर्माणका कार्य गरिरहेको बताए।

# ठोरीका ११ जना अपाङ्गलाई ह्वीलचेयर

प्रस, ठोरी, ६ फागुन/

ठोरी गाउँपालिकामा अपाङ्गता भएका ११ जनालाई रोटरी क्लब अफ वीरगंजले ह्वील चेयर प्रदान गरेको छ।

रोटरी क्लब अफ वीरगंजले ठोरी गापा–३ र ४ का ११ जना अपाङ्गता भएका मानिसहरूलाई शनिवार ह्वीलचेयर वितरण गरेको हो।

ठोरी गापा–३ ढुङ्गेबजारस्थित वडा कार्यालय परिसरमा कार्यक्रमका प्रमुख अतिथि, गापाध्यक्ष लालबहादुर श्रेष्ठ र क्लबका अध्यक्ष पियुष गुप्ताले अपाङ्गता भएका व्यक्तिहरूलाई ह्वील चेयर हस्तान्तरण गरेका थिए।

गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष शम्भु खड्का, मानबहादुर थिङ, सामाजिक कार्यकता प्रकाश थारू, रोटरी क्लब अफ वीरगंजका पूर्वअध्यक्ष अभिषेक चौधरी, सचिव राजेन्द्र चौधरी, दीनदयाल केडियालगायतको सहभागिता थियो।


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## प्रथम सखुवाप्रसौनी क्रिकेट प्रतियोगितामा परवानीपुर गापा विजयी

प्रस, पंचगावाँ, ६ फागुन/

सखुवाप्रसौनी गाउँपालिकाको सहयोगमा वडा नं २ औराहा पंचगावाँमा शनिवारदेखि प्रथम सखुवाप्रसौनी क्रिकेट प्रतियोगिता शुरू भएको छ। प्रतियोगिताको पूर्वसभासद् मन्जुर अन्सारीले उद्घाटन गरे।





तस्वीरः प्रतीक

उद्घाटन समारोहमा वडाध्यक्ष वासुदेव महतो थारू, चिरञ्जीवी महतो थारू, मोजामिल मियाँ अन्सारी, वडासदस्य छोटेलाल पासवान, स्थानीय समाजसेवी अनिरुद्ध पटेललगायतको सहभागिता थियो। उद्घाटन खेलमा परवानीपुर गापा विजयी भयो।

पहिले ब्याटिङ गरेर परवानीपुर गापाले सखुवाप्रसौनी गापालाई १५२ रनको विजयी लक्ष्य दिएको थियो। तर सखुवाप्रसौनी गापा निर्धारित २० ओभरको खेलमा ११८ रनमैं सीमित भयो। भोलि आइतवार कालिकामाई गापा र वीरगंज महानगर–२६ बीच प्रतिस्पर्धा हुने आयोजक समितिका अध्यक्ष अशोक पटेलले बताए।

## पर्सा लिग क्रिकेट : वीरगंज क्रिकेट क्लब विजयी

प्रस, वीरगंज, ६ फागुन/





नारायणी रङ्गशालामा जारी पर्सा लिग क्रिकेट प्रतियोगिता अन्तर्गत शनिवार भएको खेलमा वीरगंज क्रिकेट क्लब विजयी भएको छ।

टस जितेर वीरगंज युवा क्लबले ब्याटिङ गर्दै १७ ओभरमा सबै विकेट गुमाएर ७१ जोडेको थियो। प्रतिउत्तरमा वीरगंज क्रिकेट क्लबले तीन विकेट गुमाएर १३.२ ओभरमा ७७ रन बनाइ विजयी भएको हो।

खेलको 'म्यान अफ दी म्याच' वीरगंज क्रिकेट क्लबका रोबिन कुमार घोषित भए।

## अन्तरनगर कर्मचारी क्रिकेट : वीरगंजको विजयी सुरुआत

प्रस, वीरगंज, ६ फागुन/

पोखरिया नगरपालिकामा शनिवारदेखि शुरू भएको अन्तरनगर कर्मचारी क्रिकेट प्रतियोगितामा वीरगंज महानगरले जगरनाथपुर गाउँपालिकालाई पराजित गर्दै विजयी सुरुआत गरेको छ।

टस जितेर जगरनाथपुर गापाले ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा पाँच विकेट गुमाएर १०९ रन बनाएको थियो। प्रतिउत्तरमा वीरगंज महानगरले पाँच विकेटको नोक्सानीमा विजय लक्ष्य भेटाएको थियो।

सक्सेस प्रिप्रेशन इन्स्टिच्युट, वीरगंजको आयोजनामा पर्सा जिल्लाका स्थानीय तह कर्मचारीबीच क्रिकेट प्रतियोगिता आयोजना गरिएको र प्रतियोगिता फागुन १० गतेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ।

## खो–खोमा वीरगंजको जीत र हार

प्रस, वीरगंज, ६ फागुन/

भक्तपुर उपमहानगरपालिकामा जारी अन्तरनगर पुरुष खो–खो प्रतियोगितामा वीरगंज महानगरपालिकाले विजयी सुरुआत गरेको छ।

प्रतियोगिताको दोस्रो दिन शनिवार बिहान भएको खेलमा बनेपा नगरपालिकालाई पराजित गर्दै वीरगंज महानगरले विजयी सुरुआत गरेको थियो।

वीरगंजले बनेपालाई २३–४ को सोझो सेटमा हराउँदै जीत हात पारेको महानगर टिमका लिडर अमित अग्रवालले बताए। आजै भएको दोस्रो खेलमा भने वीरगंज भक्तपुर बीसँग पराजित भयो। आइतवार साँझ ४ बजे कलैयासँग वीरगंजको प्रतिस्पर्धा छ। जितेममा क्वार्टरफाइनलमा प्रवेश र हारेमा प्रतियोगिताबाट बाहिरिने।

भक्तपुर नगरपालिकाको आयोजनामा शुक्रवारदेखि जारी प्रतियोगितामा नगरपालिका तथा महानगरगरी १४ वटा टीम प्रतिस्पर्धामा सहभागी छन्।

# दिल्ली पब्लिक स्कूलले १८औं वार्षिकोत्सव मनायो

प्रस, वीरगंज, ६ फागुन/

दिल्ली पब्लिक स्कूलले १८औं वार्षिकोत्सव मनाएको छ।

मधेस विश्वविद्यालयका उपकुलपति प्राडा दीपक शाक्यले वार्षिकोत्सवको उद्घाटन गरेका थिए।

वार्षिकोत्सवमा विद्यार्थीहरूले नृत्य, गीत, नाटक, कारखाना विज्ञान प्रस्तुति दिएका थिए।

वार्षिकोत्सवमा परवानीपुर गापाका उपप्रमुख सुगन्धीदेवी कनुइन, सिजिआई वीरगंजका तरुणकुमार, प्याब्सन पर्साका अध्यक्ष पूरण प्रधान, विद्यालयका प्रअ रञ्जीतकुमार आनन्द, गर्ली अग्रवाल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भीखमचन्द अग्रवाललगायतको सहभागिता थियो। कार्यक्रममा अजय शर्माले धन्यवाद ज्ञापन गरेको विद्यालयका उपप्रबन्धक शिवशङ्कर शर्माले जानकारी दिए।


**प्रजातन्त्र दिवस भव्यरूपमा मनाऔं**

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो।
- आवधिक निर्वाचन प्रजातन्त्रका लागि महत्त्वपूर्ण हुन्छ।
- शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो।
- मेलमिलाप र शान्तिबाटै प्रजातन्त्र अघि बढाउन सकिन्छ। त्यसैले,
  प्रजातान्त्रिक आचरण, संस्कार र व्यवहारको अवलम्बन गरौं।

**७३ औं राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरुपमा मनाऔं**

नेपाल सरकार
विज्ञापन बोर्ड


# समाजसेवी स्व गौतमको सालिक अनावरण

प्रस, वीरगंज, ६ फागुन/

बारागढी गाउँपालिकाका समाजसेवी स्व योगेन्द्रराज गौतमको शनिवार सालिक



अनावरण भएको छ।

बारागढी गापा–१ पिपरा वस्तीपुरस्थित योगेश्वरनाथ मन्दिर परिसरमा बाराका सांसद अच्युत मैनालीले सालिक अनावरण गरेका थिए।

सालिक अनावरण गर्दै सांसद मैनालीले बारागढीमा मात्रै नभई गौतम परिवारले थुप्रै स्थानमा शैक्षिक, स्वास्थ्य, सडक र बजारहरूको निर्माण गरेर कीर्तिमान बनाएको बताए। उनले समाजसेवामा लागेका स्व गौतमको सालिक अनावरण गर्ने शौभाग्य पाउँदा आफू निकै खुशी भएको बताए। खान लगाउन मुश्किल भएको बेला शिक्षा, स्वास्थ्य, सडक जस्ता पूर्वाधारका लागि जग्गा दान गर्नु महान् कार्य भएको उनले बताए। उनले बारागढी गापाको शैक्षिक सुधारका लागि साढे सात दशकअघि भारतबाट शिक्षकहरू मगाएर आफ्नो घरमा राखेर शैक्षिक वातावरणको सृजना गरेका थिए। स्व गौतमकै कारण बारागढी गापाका थुप्रैजना शिक्षा लिएर रोजगार गर्न सकेका थिए।

स्व गौतमले आफ्नो जीवनकालमा बारागढी गापाका बुढगाई माध्यमिक विद्यालय, पिपरा शिवमन्दिर, जनता प्राथमिक विद्यालय, स्वास्थ्य चौकी, बजार, पिपरा, सुखी, पथरा सडकलगायतमा जग्गादान गरेकाले स्थानीयले स्व गौतमको सालिक निर्माण गरेर आज अनावरण गराएका हुन्।

कार्यक्रममा समाजसेवी स्व गौतमका छोरा माधव गौतम, सुशील गौतम, अमोदमणि दीक्षित, बारागढी गापा अध्यक्ष अशोक जैसवाल, समाजसेवी देवेन्द्र चौधरी, प्रभु दास, कुलमणि चौधरी, राजाराम साह, अशोक साहलगायतको सहभागिता थियो।